**निर्णय नं. १:**
यस रत्ननगर न.पा. अन्तरगत कार्यरत वडाहरुमा २०७४।०४।२८ गते राति आएको बाढीबाट राप्ती, खगेरी र कयरखोलामा आएको बाढीले घरवास नै क्षति पुर्‍याएको हुँदा वडा नं. ६ का वडा अध्यक्ष श्री बलराम दाहालको संयोजकत्वमा राहत सामागी खरिद गरी विपन्न परिवारलाई राहत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**
यस रत्ननगर न.पा.मा बाढीबाट क्षति भएका घरपरिवारलाई राहत स्वरुप नगरपालिकालाई हस्तान्तरण गरी राहत सामाग्री दिने निम्न संघसंस्था व्यक्तिहरुलाई स–धन्यवाद दिने निर्णय गरियो ।
१) उद्योग संघ भरतपुर, चितवन
२) रत्ननगर उद्योग वाणिज्य संघ चितवन
३) मारवाडी सेवा केन्द्र, नारायणगढ

**निर्णय नं. ३:**
यस रत्ननगर न.पा.का वडाहरुमा मिति २०७४ साउन २८ गते राति आएको अविरल वर्षाका कारण खोलाहरुमा बाढी आई घरवासमा पानी पसी क्षत विक्षत बनाएको हुँदा यस विपद्को घडिमा सम्पूर्ण नगरवासीहरुलाई सुरक्षित भए धैर्यधारण गरी दिनका लागि हार्दिक अनुरोध गर्ने निर्णय सर्वसम्मतीबाट गरियो ।

नारायण बन
नगर प्रमुख